जिब्रीलले मलाई छिमेकीप्रति निरन्तर वसीयत गरीरहे यहाँसम्म कि मैले ख्याल गरे अब उनले छिटै छिमेकीलाई वारिस (उत्तराधिकारी) पनि बनाउने आदेश ल्याउनेछन्।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : "जिब्रीलले मलाई छिमेकीप्रति निरन्तर वसीयत गरीरहे यहाँसम्म कि मैले ख्याल गरे अब उनले छिटै छिमेकीलाई वारिस (उत्तराधिकारी) पनि बनाउने आदेश ल्याउनेछन्।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बताउँदै हुनुहुन्छ, जिब्रीलले छिमेकीको हेरचाह गर्नुपर्छ भनेर बारम्बार आदेश दिनुभयो । ध्यान राख्नुहोस्, छिमेकी त्यो व्यक्ति हो जसको ढोका तपाईंको ढोका नजिक हुन्छ , चाहे त्यो मुस्लिम होस् वा गैर-मुस्लिम, आफन्त होस् वा पराई । छिमेकीको हेरचाह गर्नु भनेको उसको अधिकारको रक्षा गर्नु, उसलाई दु:ख नदिनु, राम्रो व्यवहार गर्नु र उसले दिएको दु:खमा धैर्य गर्नु हो । जिब्रिलले छिमेकीको अधिकारलाई दिएको महत्त्व र उनको बारम्बार आदेशले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सोच्न थाले, शायद मृत्यु पछि छिमेकीले पनि धनसम्पत्तिमा हिस्सा पाउनेछ ।

http://sunnah.global/hadeeth/ne/show/4965